नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
तम्घास, गुल्मी

फोन नं.: ०७९-५२०५५१, ०७९-५२१०९०
९८५७०७७५५१, ९८५७०६७७६९
इमेल: pmamp.piu.gulmi@gmail.com
Website: piugulmi.pmamp.gov.np

पत्र संख्या: २०८२/८३

## जोन/सुपरजोन कार्यक्रममा सहभागीताका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः-२०८२।०४।३०

सूचना नं: २

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, गुल्मीको आ.व.२०८२/८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार जोन/सुपरजोन क्षेत्रमा तपसिलका कार्यक्रमहरु संचालन गर्न यस कार्यक्रम कार्यान्वयन एकाइमा सुचीकृत भएका इच्छुक कृषक समूह/कृषक सहकारी/कृषि फर्म/कम्पनीहरुले देहाय बमोजिमका कागजात सहित मिति २०८२/०६/०२ गते भित्र प्रस्ताव/आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। साथै पेश गर्नुपर्ने निवेदनको ढाँचा, आवेदन प्रस्ताव फारम, संलग्न गर्नुपर्ने कागजात, संचालन कार्यविधि, कार्यक्रम कार्यान्वयन एकाइ, गुल्मी साथै सम्बन्धित स्थानीय तहहरु र कार्यक्रम कार्यान्वयन एकांइको वेबसाईट **(piugulmi.pmamp.gov.np)** बाट प्राप्त गर्न सकिनेछ।

पुनश्च: रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

<u>तपसिल:</u>

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य | स्वीकृत बजेट रु (लाखमा) | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ४६ | १०५ | सबै जोन/सुपरजोन क्षेत्र | गत आ.व. तथा नया क्षेत्र विस्तार हुने क्षेत्रमा प्राथमिकता दिईने। नवप्रवर्तक तथा दिगो योजनालाई प्राथमिकता दिईने। |
| २ | प्याकेजिङ्ग, लेवलिङ्ग तथा पोष्टहार्भेष्ट न्यूनिकरण कार्यक्रम | पटक | १ | ५ | | कृषि उपजहरुको प्रशोधन र मूल्य अभिबृद्धि गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिईने। |
| ३ | प्रशोधन उद्योगका लागि मेसिनरी सहयोग | पटक | २ | ९ | | |
| ४ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | पटक | १ | १५ | | बाली रोप्ने/हार्भेष्ट गर्ने र थ्रेसिङ्ग गर्ने यन्त्र/उपकरणहरु लाई प्राथमिकता दिईने |
| ५ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग | वटा | ३ | ३० | जिल्लाभर | <u>क. एकलबाली खेती (Crop Pooling):</u> समूह/सहकारीको लागि न्युनतम १० हेक्टर, निजि फर्मको हकमा न्युनतम ७ हेक्टर जग्गामा Crop Pooling गर्नुपर्ने ।<br><u>ख. चक्लाबन्दी खेती (Land Pooling):</u> समूह/सहकारीको लागि न्युनतम ५ हेक्टर, निजि फर्मको हकमा न्युनतम ३ हेक्टर जग्गामा Land Pooling गर्नुपर्ने । |
| ६ | कफी क्षेत्रफल विस्तार कार्यक्रम | हे. | २० | २२.९५ | कफी सुपरजोन क्षेत्र | Crop Pooling मार्फत Large-Scale मा कफी लगाउनेहरुलाई प्राथमिकता दिईने। |
| ७ | कफी बगैंचा सुदृढीकरण अभियान | पटक | १ | १.८० | | क्लष्टरमा व्यवसायीक रुपमा कफी खेती गरेको हुनुपर्ने। |
| ८ | कफी बिरुवाको लागि स्थायी/अस्थायी छहारी व्यवस्थापनमा सहयोग | पटक | १ | ०.९० | | |

रमेश जैसवाल
वरिष्ठ कृषि अधिकृत

| क.सं. | कार्यक्रम/क्रियाकलाप | | बार्षिक लक्ष्य | स्वीकृत बजेट रु (लाखमा) | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| ९ | स्रोत बीउ उत्पादनमा सहयोग | हे. | ४० | २.३० | मकै जोन (अनुसरण) क्षेत्र | मकै बीउ उत्पादनमा संलग्न उद्यमी/ समुह/सहकारीलाई मकैको श्रोत बीउ उत्पादनमा सहयोग गरिने। |
| १० | स्रोत बीउ उत्पादनमा सहयोग | हे. | ४५ | २.३१ | मकै जोन क्षेत्र | |
| ११ | उन्नत प्रविधि सहित मकै क्षेत्रफल विस्तार | हे. | ३५ | ३.५० | मकै जोन क्षेत्र | उन्नत जातको मकैको बीउ र उन्नत प्रविधिमा सहयोग गरिने। |
| १२ | स्वदेशी हाईब्रिड मकै प्रवर्द्धन कार्यक्रम | हे. | ४५ | ५.२६ | | स्वदेशी हाईब्रिड मकै खेतीको प्रवर्द्धन तथा क्षेत्र बिस्तारमा सहयोग गरिने। |
| १३ | सुन्तलाजात फलफुल बगैचा क्षेत्रफल विस्तार कार्यक्रम | हे. | १५ | १३.५ | सुन्तलाजात फलफूल जोन क्षेत्र | नया क्षेत्र तथा बाँझो जग्गा सदुपयोग गरि बगैचा स्थापना गर्नेलाई प्राथमिकता दिईने। |
| १४ | सुन्तला बगैंचा व्यवस्थापन/सुदृढीकरण अभियान कार्यक्रम | पटक | १ | ५.४ | | क्लष्टरमा व्यवसायिक रुपमा सुन्तालाजात फलफूल खेती गरेको हुनुपर्ने। |
| १५ | सुन्तलाजात फलफूल नर्सरी स्किन घर निर्माण/श्रोत केन्द्र स्थापना/सुदृढिकरण | संख्या | २ | १० | | विगतका बर्षहरुमा सुन्तलाजात फलफूलका कलमी/बिजु विरुवा उत्पादन गर्दै आईरहेका/इच्छुक कृषकलाई प्राथमिकता दिईने |
| १६ | उन्नत प्रविधियुक्त बाखा खोर निर्माणका लागि अनुदान | संख्या | ४० | ४० | बाखा जोन क्षेत्र | व्यवसायिक बाखापालनमा संलग्न भएको हुनुपर्ने। |
| १७ | बोयर तथा अन्य उन्नत नश्लका बोका वितरण | संख्या | १० | ५ | | व्यवसायिक रुपमा बाखापालन गर्दै आईरहेको हुनुपर्ने। |

प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरु:

१. रु. १० को टिकट टाँस गरि निवेदन (अनुसूची १० अनुसार)।
२. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूची १० अनुसार)।
३. दर्ता/नविकरण भएको प्रमाण- पत्रको प्रतिलिपि (समूह/निजि फर्म/कम्पनी/सहकारी)।
४. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
५. सम्बन्धित स्थानीय तह वा वडाको सिफारिस पत्र।
६. समूह तथा सहकारीका हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
८. चक्लाबन्दीको हकमा जग्गा धनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र)।

थप जानकारीका लागि

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, गुल्मी
फोन नं: ०७९-५२०५५१, ०७९-५२१०९०
९८५७०७७५५१, ९८५७०६७७६९
इमेल: pmamp.piu.gulmi@gmail.com
Website: piugulmi.pmamp.gov.np

रमेश जैसवाल
वरिष्ठ कृषि अधिकृत